# गैंडाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎: ०७८-५०११९०


प.सं. ०७६/०७७

च.नं.

मिति २०७७।०३।२२

**सामाजिक सुरक्षा भत्ताको नाम नवीकरण गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना**

सूचना प्रकाशित मितिः २०७७/०३/२२

यस गैंडाकोट नगरपालिकावाट साविकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका सम्पुर्ण लाभग्राहीहरुले आर्थिक बर्ष २०७७/०७८ मा समेत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली, २०७६ को नियम (९) बमोजिम यहि **मिति २०७७ साल श्रावण १ गते देखि २०७७ साल श्रावण मसान्त सम्ममा** आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी अनिवार्य रुपमा नाम नवीकरण गराउनु होला । उल्लेखित समयावधि भित्रमा देहाय बमोजिमका कागजात संलग्न गरी वडा कार्यालयमा उपस्थित भएर नाम नवीकरणको लागि दरखास्त नदिने लाभग्राहीहरु लाई आर्थिक बर्ष २०७७/०७८ मा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**नाम नवीकरणको निवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरुः**

(क) लाभग्राहीको परिचयपत्रको प्रतिलिपि
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
(ग) बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकताको प्रतिलिपी
(घ) विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि
(ङ) सम्वन्ध विच्छेद गरि अर्को विवाह नगरेकी महिलाको हकमा समवन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण
(च) न्यायिक पृथकिकरण गरि बसेकी महिलाको हकमा न्यायिक पृथकिकरण भएको प्रमाण
(छ) विवाह नभएको महिलाको हकमा स्थानिय तहको सिफारिस
(ज) अपाङ्गता भएको व्यक्तिको हकमा प्रचलित कानुन बमोजिम नगरपालिकावाट जारी भएको अपाङ्गता परिचयपत्र र संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

**पुनश्चः** सामाजिक सुरक्षा ऐन,२०७५ र नियमावली, २०७६ बमोजिम साविकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका ६० बर्ष उमेर पुरा नभएका विधवा/ एकल महिला तथा 'ख' वर्गका अपाङ्गता परिचयपत्र भएका लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था नभएकोले प्रचलित कानुन बमोजिम अर्को व्यवस्था नभएसम्मको लागि **६० बर्ष उमेर पुरा नभएका विधवा/ एकल महिला तथा 'ख' वर्गका अपाङ्गता परिचयपत्र भएका लाभग्राहीहरुको सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नगरिने** व्यहोरा समेत अनुरोध छ ।

.................................
रामप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**रामप्रसाद आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**